आज मिति २०७६/१०/२६ गते आईतबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राईको अध्यक्षतामा माईजोगमाई गाउँकार्यपालिकाको ८१ औं बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि तपशिल बमोजिमको प्रस्ताप उपर छलफल गरि निर्णयहरु गरियो।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री जीत बहादुर राई | माईजोगमाई गा.पा. | अध्यक्ष |
| श्री सावित्रा भट्टराई | माईजोगमाई गा.पा. | उपाध्यक्ष |
| श्री याम कुमार कार्की | | १ नं. वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुबेदी | | २ नं. वडा अध्यक्ष |
| श्री याम प्रसाद लामा | | ३ नं. वडा अध्यक्ष |
| श्री गणेश राई | | ४ नं. वडा अध्यक्ष |
| श्री दाताराम सञ्जेल | | ५ नं. वडा अध्यक्ष |
| श्री भवानी प्रसाद लिङ्दम | | ६ नं. वडा अध्यक्ष |
| श्री कविता राई | | सदस्य |
| श्री मीरा देवि खवास | | सदस्य |
| श्री सोम कुमारी साउदेन | | सदस्य |
| श्री मन कुमारी लिम्बु (आङभाङ) | | सदस्य |
| श्री वीर बहादुर देवान | | सदस्य |
| श्री याम बहादुर विश्वकर्मा | | सदस्य |
| श्री चन्द्र प्रकाश बस्नेत | | सदस्य सचिव |

**अन्य उपस्थित**

श्री धीरध्वज लिम्बू — योजना शाखा प्रमुख

श्री अरुणा सिरदौला — सहायक (पाँचौं तह) सहलेखा

श्री प्रदीप नेपाल — प्रशासन शाखा प्रमुख

श्री गोकुल सञ्जेल — प्रा.स.

श्री मीन ब. बुढाथोकी

प्रस्तावहरु

१. गाउँपालिकाको अर्धबार्षिक प्रगती समिक्षा सम्बन्धमा ।
२. गाउँपालिकाको हाल सम्मको आय-व्यय प्रगति सम्बन्धमा ।
३. गाउँपालिकाको स्थानीय कर्मचारी व्यवस्थापन अध्यादेश २०७६ सम्बन्धमा ।
४. वालागुरु खेल मैदान घेरावारालाई समपुरक कोषवाट रकम थप गर्ने सम्बन्धमा ।
५. गाउँपालिकामा आयुर्वेद औषधालय सेवा सञ्चालन कार्यक्रम सम्बन्धमा ।
६. च्यालेट निर्माण सेवा ईलामको वोनस रकम सम्बन्धमा ।
७. स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गतका योजनाहरुको उपभोक्त समिति गठन गरी पठाउने सम्बन्धमा ।
८. उपाध्यक्षलाई सवारी साधन उपलब्ध गराउने सम्बन्धमा ।

निर्णयहरु

१. गाउँपालिकाको आ.व. २०७६/०७७ को गाउँसभाबाट स्विकृत भएको वार्षिक कार्यक्रम तथा बजेटको कार्यान्वयनको अवश्था माथी छलफल गरियो साथै उक्त अर्धबार्षिक प्रगती प्रतिवेदन गाउँसभामा पेश गर्ने निर्णय गरियो ।
२. गाउँपालिकाको आ.व. २०७६/०७७ को हाल सम्मको आय-व्यय प्रगती माथि छलफल गरियो र उक्त प्रतिवेदन गाउँसभामा पेश गर्न निर्णय गरियो ।
३. गाउँपालिकाको कर्मचारी व्यवस्थापन अध्यादेश २०७६ लाई स्विकृत गरि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।
४. वालागुरु खेल मैदान घेरावारा गर्ने कार्यलाई समपुरक कोषवाट निम्न बमोजिम हुनेगरी साझेदारीमा योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्रसं. | योजनाको नाम ठेगाना | प्रदेश सरकारवाट प्राप्त रकम रु. | गाउँपालिकाबाट साझेदारी रकम रु | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | वालागुरु खेल मैदान स्तरोन्नती माईजोगमाई १ | २० लाख | २० लाख | ४० लाख | सम्पुरक कोषबाट व्यहोर्ने |

५. गाउँपालिकामा आयुर्वेद औषधालय सेवा सञ्चालन कार्यक्रमको लागी समपुरक कोषबाट रु ५ लाख विनियोजन गरी चालु आ.ब. को लागी सेवा सञ्चालन गर्ने । उक्त कार्यको लागी सम्बन्धित निकायबाट एक जना कविराज र एकजना आयुर्वेद सहायक स्तरको कर्मचारी माग गरी प्रारम्भिक सेवा सञ्चालन गर्ने निर्णय गरियो ।
६. यस गाउँपालिका र च्यालेट निर्माण सेवा ईलाम विच वडा नं. १ को वडा कार्यालय भवन निर्माण सम्झौता भए बमोजिम उक्त वडा कार्यालय भवनको कार्य सम्पन्न भएको तथा तोके बमोजिमको कार्य समयावधि अगावै सम्पन्न गरे वापत वोनस रकम उपलब्ध गराउनु पर्ने शर्त रहेकोमा उक्त व्यवसायीले नियमानुसार पाउने वोनस रकम दावी गरेकोमा वडा नं. ३ को तला थप शिर्षकमा रहेको रकमबाट वोनस रकम उपलब्ध गराउने निर्णय गरियो ।
७. ईलाम जिल्ला प्रतिनिधि सभा क्षेत्र नं. १ को प्रतिनिधि सभा सदस्य माननिय श्री झलनाथ खनालज्यू र प्रदेस नं १ ईलाम जिल्ला निर्वाचन क्षेत्र नं. १ क प्रदेश सभाका माननीय सदस्य श्री खिनु लङ्वा

लिम्बुज्यूको निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तरगत छनौट भएर आएका योजना तथा कार्यक्रमहरुको उ.स. गठन गरी ७ दिन भित्र सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

८. गाउँपालिकाको उपाध्यक्षज्यूलाई सवारी साधन वापत पिक अप भ्यान उपलब्ध गराई निजको जिम्मामा रहेको मोटरसाईकल फिर्ता गर्नको लागी पत्राचार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

९. माईजोगमाई गाउँपालिकाको जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि २०७६ स्विकृत गरि लागू गर्ने निर्णय गरियो ।